बैठक संख्याः-~~३६~~ 36

आज मिति २०८० साल असोज ६ गते शनिबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. कार्यवाहक वडा अध्यक्ष | श्री केशव बुढाथोकी | |
| १२ | १० नं.कार्यवाहक वडा अध्यक्ष | श्री धनमाया श्रेष्ठ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | तिला |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

निर्णय नं.१. मिति २०८० साल बैशाख देखि हाल सम्म भएको निर्णयहरुको समिक्षा गर्दा विभिन्न मितिमा गठित समिति अपूर्ण भएको हुँदा निम्नानुसार समितिहरुलाइ पुर्णता दिने निर्णय गरियो ।

(क) सार्वजनिक जग्गा व्यवस्थापन समितिमा अधिकृत स्तर छैठौं श्री मोहन सुवेदीलाई सदस्य सचिवको रुपमा तोकने ।

(ख) व्यावसाय शुल्क तथा बहाल कर संकलन एवं परिचालन सम्बन्धी कार्यविधिको मस्यौदा तयार समितिमा अधिकृत स्तर छैठौं पदमराज घिमिरेलाई सदस्य सचिवको रुपमा तोकने ।

निर्णय नं.२. प्राविधिक श्री भगेन्द्र सारु थापा र श्री नारायण भट्टराईको कार्यसम्पादन क्षमताको अभावको, कारणले २०८० साल असोज मसान्त सम्म म्याद थप गरी २०८० साल कार्तीक १ गतेबाट करार म्याद थप नगर्ने र निजहरुलाई हाल सम्म गरेको सेवाको आधारमा थप ४ महिनाको अतिरिक्त सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो। सव-इन्जिनयर श्री बिनोद भट्टराईको हकमा कार्यालयलाई हानिनोक्सनी गर्ने कार्य गरेको र ठेकेदारलाई फाइदा पुर्याउने गरी विल बनाइ पेश गरेको प्रमाणीत भएकोले निजको हकमा २०८० कार्तीक १ गतेबाट करार म्याद थप नगर्ने निर्णय गरियो ।अन्य करार कर्मचारीहरुको हकमा म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.३. करार सेवामा कार्यरत रही ५८ वर्ष उमेर पुरा गरेका जनसक्तिहरुलाई २०८० साल असोज मसान्त सम्म म्याद थप गरी २०८० साल कार्तीक १ गतेबाट करार म्याद थप नगर्ने र निजहरुलाई हाल सम्म गरेको सेवाको आधारमा थप ४ महिना बराबरको अतिरिक्त सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.४. बस स्टेण्ड भन्दा बाहिर रहेका सम्पूर्ण काउण्टरहरुलाई वस स्टेण्ड भित्र व्यस्थापन गर्नु पर्ने भएकोले सो सम्बन्धि सम्पादन गर्नु पर्ने काम प्रचलित कानून बमोजिम रही सो कार्य सम्पादन गर्नका लागि वडा नं.५ का वडा अध्यक्ष श्री रोहीत प्रसाइलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.५. फोहोरमैला व्यस्थापन अनुगमन गर्न, विगतमा भएको सम्झौताहरुको कार्यान्वयन गर्न र यो भन्दा पछी गरीनु पर्ने कार्यहरु अध्ययन गरी सिफारिस गर्न देहाय बमोजमको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक - वडा नं. ५ का वडा अध्यक्ष श्री रोहित प्रसाई
सदस्य - उमेस राउत - वडा सदस्य बिर्तामोड -४ झापा
सदस्य - ओम भक्त सेडाई - वडा सदस्य बिर्तामोड - ५ झापा
सदस्य - हरी बास्कोटा - वडा सदस्य बिर्तामोड- ३ झापा
सदस्य - योगचन्द्र आङ्बुहाङ - वडा सदस्य बिर्तामोड- १ झापा
सदस्य - प्रेम कुमार खरेल - बिर्तामोड- १ झापा
सदस्य सचिव - प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी

निर्णय नं.६. सिटि रिक्साहरुको सूचिकृतको कार्य प्रारम्भ गर्ने र बिर्तामोड नगरपालिका स्थायी ठेगाना रहेका व्यक्तिहरुको हकमा मात्र सुचिकरण गर्ने र संचालन गर्न अनुमति दिने । सिटि रिक्साहरुको भाडा दर निर्धारण गर्न कार्यपालिका सदस्य श्री जगत बन्धु राजवंशीको संयोजकत्वमा कार्यपालिका सदस्य संगिता सिवा र वडा नं.३ का वडा सदस्य हरि बास्कोटालाई सदस्य र सदस्य सचिव प्रमुख प्रसाकिय अधिकृतले तोकेको कर्मचारी रहने गरी समिति गठन गरियो ।

CamScanner

निर्णय नं.७. उद्योग र व्यावसायहरुमा कार्यरत विशेष गरि भारतमाबाट आइ काम गर्ने कामदारहरुलाई नगरपालिकामा सूचिकृत गर्ने गरि नगर सभाबाट निर्णय भै सकेको हुँदा कार्यान्वयनमा लाने निर्णय गरियो ।

निर्णय नं.८. घर निर्माण भै अभिलेखिकरण हुन बाँकी रहेका भवनहरु अभिलेखिकरण गर्न स्थानीयबाट माग भै आएको हुँदा २०८० मंसिर मसान्त सम्म अन्तिम पटकका लागि प्रचिलत कानूनको परिधि भित्र रही अभिलेखिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.९. आवासिय भवनहरुको वाहालकर लिदाँ/दिँदा को सम्झौता पत्रमा सम्बन्धीत वडा कार्यालयबाट प्रमाणित भए पछीमात्र मान्यता प्रदान गर्ने र यसरि प्रमाणित गर्दा नगरपालिकाबाट प्रकाशित राजपत्रको आधारमा भाडा दर उल्लेख भएमा मात्र प्रमाणित गर्ने निर्णय गरियो ।

निर्यण नं.१०. बुट्टाबारी प्याकुरेल चोक सडक खण्डको ठेक्का हुँदा ठेकेदारबाट रु ३ करोडको कार्य सम्पन्न भै डि.एस.सि मार्फत कार्य प्रगति विवरण प्रमाणित भै प्राप्त भएपछी भुक्तानी दिने व्यवस्था रहेकोमा बजारमा आर्थिक मन्दी रहेको क्रेडिटमा कुनै मालसामान उपलब्ध हुन सक्ने परिस्थिति नरहेको र सो कार्यसम्पादन गर्ने समय समेत थोरै रहेको हुनाले कार्यसम्पादन भएको आधारमा भुक्तानी व्यस्था मिलाइ दिनु हुन भनि ठेकेदार कम्पनीबाट अनुरोध भै आएको हुँदा ठेकेदारले गरेको कार्य प्रगति र डि.एस.सी.को प्रतिवेदनको आधारमा भुक्तानी दिदै जाने निर्यण गरियो ।

निर्णय नं.११. ससर्त अनुदानबाट प्राप्त सुन्दर सामुदायीक भवन छेउको अदुवाखोला पक्कि पुल डि.पि.आर समेतको योजनाको सुन्दर सामुदायिक भवन छेउ पुल निर्माण कार्य सम्पन्न भै सकेकोले सो रकमबाट वितामोड-३ गायत्री मैनालीको घरबाट पश्चिम जानेबाटोमा र वितावजार पश्चिम ~~मार्गेश्वर~~ मार्गमा पर्ने अदुवाखोला माथी पुल निर्माण गर्न शहरी विकास मन्त्रालय पूर्वाधार विकास विभागमा लेखी पठाउने निर्णय गरियो ।